जि.प्र.का.झापा द.नं.६९। ०५७।०५८
सत्यता, स्वतन्त्रता र निष्पक्षता हाम्रो प्रतिबद्धता
राष्ट्रिय दैनिक
# पूर्वसन्देश
PURBA SANDESH NATIONAL DAILY
purbasandesh.com

❑ वर्ष-२१ ❑ अंक - १९० ❑ २०८३ साउन ०५ गते मंगलबार ❑ Tuesday, 21 July, 2026 ❑ मूल्य ७ /-



## ओशो प्रेममा पल्किएका नयाँ पुस्ता (३)

सत्येन्द्रलाल कर्ण
lalsatyendra1959@gmail.com

**सिटी डेन्टल**

आधुनिक प्रविधिबाट सञ्चालित यहाँ नयाँ प्रविधिबाट दाँत लगाउनुको साथै मुख तथा दाँतसम्बन्धी सम्पूर्ण उपचार गरिन्छ ।

**यसको शाखा मधुमल्लामा पनि खुलेको छ ।**

दमक-६, झापा
**फाल्गुनन्द चौक**
फोन: ०२३-५७५४०९

**मानिस हराएको सूचना**

नामः धन कुमार सेतीसुरूवाल
ठेगानाः दमक १, बुद्धटोल, झापा
हराएको मितिः साउन ३ गते
समयः बिहान ४:०० बजे



**हुलिया (पहिरन)**

- कालो टी-सर्ट लगाएको
- निलो वा कालो रंगको पाइन्ट लगाएको

**कसैले भेट्नुभए वा कुनै जानकारी भएमा सम्पर्क गर्नुहोस् ।**

सम्पर्क : ९८२४९५५२९९, ९८०६०२२७३६
वा नजिकको प्रहरी कार्यालयमा जानकारी दिनुहोस्।

जानकारी दिने महानुभावप्रति हार्दिक आभार व्यक्त गर्दछौं ।

# भाइरल रतुवा पुलको काम आधा सकिएको दावी

पूर्वसन्देश समाचार



**दमक/** काँकडभिट्टादेखि लौहीपुरसम्मको ९५ किलोमिटर सडक खण्डमा निर्माण भइरहेका ६ वटा ठुला पुलमध्ये ५ सय ८५ मिटर लामो अहिले भाइरल भएको रतुवा पुलको निर्माण कार्य ५० प्रतिशतभन्दा बढी भएको दावा गरिएको छ ।

पूर्व-पश्चिम राजमार्ग अन्तर्गतका ठुला र लामा पुलहरूलाई 'ल्याण्डमार्क ब्रिज' का रूपमा विकास गर्ने सडक विभागको नीति अनुरूप झापाको दमकस्थित रतुवा खोलामा आकर्षक पुल निर्माण भइरहेको हो ।

पुलको कुल चौडाइ १६.५ मिटर रहने छ । जसमा डबल लेनसहित सर्भिस लेन र फुटपाथको समेत व्यवस्था गरिएको र पुललाई कलात्मक र बलियो बनाउन ८७ देखि ९० मिटरसम्मका लामा स्पानहरु राखिएको सडक डिभिजन कार्यालयले जनाएको छ । यसमा प्रयोग गरिएको ४१० र ४२० ग्रेडको उच्च गुणस्तरको स्टिल चीनबाट आयात गरिएको हो ।

पुल निर्माणका लागि आवश्यक स्टिलका सामग्रीहरु तयार गर्न निर्माण व्यवसायीले मोरङको उर्लाबारीमा उच्च प्रविधियुक्त 'फ्याब्रिकेसन यार्ड' स्थापना गरेका छन् । उक्त यार्डमा सीएनसी मेसिनमार्फत कम्प्युटराइज्ड कटिङ र नियन्त्रित वेल्डिङको काम भइरहेको छ । नेपालमै पहिलो पटक यति ठुलो आकारको ग्याल्भेनाइजेसन ट्यांक निर्माण गरी पुलका संरचनाहरूलाई खिया नलाग्ने बनाउने (ग्याल्भेनाइजेसन) काम भइरहेको छ ।

लोहेन्द्र, बक्रा र रतुवा खोलाका तीनवटा पुलहरूलाई एउटै प्याकेजमा राखेर ठेक्का लगाइएको छ । यी तीनवटै पुलको कुल निर्माण लागत करिब साढे ५ अर्ब रूपैयाँ रहेको काँकडभिट्टा-लौकही सडक योजना, पूर्वी खण्ड, दमकका प्रमुख सुनीलबाबु पन्तले बताए । कोबेक, सीआरइजिसी र तुँदी जेभीले निर्माण गरिरहेको यस परियोजनामा स्टिलको काम चिनियाँ प्राविधिकहरूले र पिएससी गर्डरको काम नेपाली निर्माण कम्पनी तुँदीले गरिरहेका छन् । सम्झौता अनुसार सन् २०२७ फेब्रुअरी २ सम्ममा पुलको निर्माण सम्पन्न गरिसक्नु पर्नेछ ।

वर्षायाममा चीनबाट

स्टिल ढुवानी गर्न सडक अवरोधका कारण केही समस्या देखिए पनि अन्य प्राविधिक र समन्वयका कार्यहरु सुचारू रहेको सडक विभागले जनाएको छ । विद्युतीय तार बाँकी ४ पेजमा ▸▸

# पहिलो साउने सोमबार दमकको पशुपतिमा विविध कार्यक्रम



**दमक/** साउन महिनाको पहिलो सोमबार दमकको पशुपतिनाथ र धनेश्वर मन्दिरमा दर्शन गर्ने भक्तजनहरूको भिड लागेको थियो । यस्तै पूर्वको पशुपतिनाथ भनेर चिनिने झापाको अर्जुनधाराधामसहित देशभरका शिवालयहरूमा श्रद्धालुहरूको बिहानैदेखि भीड लागेको थियो ।

दमक-६ स्थित पशुपति मन्दिरमा भजन-कीर्तन, गंगा आरती, विशेष पूजा-आराधना तथा प्रसाद वितरण कार्यक्रम सम्पन्न भएको छ । भगवान् शिवप्रति आस्था र श्रद्धा प्रकट गर्न बिहानैदेखि मन्दिरमा भक्तजनको उल्लेख्य उपस्थिति रहेको थियो ।

श्रावण महिना भगवान् शिवको प्रिय महिना मानिन्छ । धार्मिक ग्रन्थअनुसार समुद्र मन्थनका क्रममा निस्किएको कालकूट विष भगवान् शिवले ग्रहण गरी सृष्टिको रक्षा गर्नुभएको विश्वास गरिन्छ । त्यसको स्मरणस्वरूप श्रावण महिनाभर शिवलिङ्गमा जल, दूध, बेलपत्र, धतुरो र फूल चढाई पूजा गर्ने परम्परा रहिआएको छ । विशेषगरी सोमबार भगवान् शिवको दिन मानिने भएकाले श्रावणका सोमबारहरूमा व्रत बस्ने, जलाभिषेक गर्ने र शिव आराधना गर्ने चलन प्राचीनकालदेखि नै रहँदै आएको छ ।

यही धार्मिक परम्परालाई निरन्तरता दिँदै पशुपति आध्यात्मिक महिला समूहले सोमबार विविध धार्मिक कार्यक्रम आयोजना गरेको समूहकी अध्यक्ष रिता थापाले बताईन । थापाका अनुसार बिहान साढे ७ बजेदेखि साढे ८ बजेसम्म सत्यसाई केन्द्रद्वारा भजन-कीर्तन गरिएको थियो । त्यसपछि बिहान ९ बजेदेखि दिउँसो २ बजेसम्म बाँकी ४ पेजमा ▸▸

## बुधबारदेखि वर्षा कम हुँदै जाने

**दमक/** जल तथा मौसम विज्ञान विभागले बुधबारदेखि वर्षा क्रमशः कम हुँदै जाने जानकारी दिएको छ । विभागले हाल देशभर मनसुनी वायुको प्रभाव रहेको र मनसुनको न्यून चापीय रेखा सरदर स्थानभन्दा उत्तरतर्फ रहेकाले वर्षा भइरहेको जानकारी दिएको छ । विभागका वरिष्ठ मौसमविद् मीनकुमार अर्यालले बुधबारसम्म देशका विभिन्न स्थानमा वर्षा भए पनि बुधबार साँझदेखि वर्षा क्रमशः कम हुँदै जाने जानकारी दिए ।

## हराएका ६५३ जना भेटिए, १४ अझै बेपत्ता

**दमक/** प्रहरीको वार्षिक तथ्यांकअनुसार झापा जिल्लाका विभिन्न स्थानबाट एक वर्षको अवधिमा ६ सय ६७ जना मानिस हराएका थिए । एक वर्षको अवधिमा हराएका ६६७ जनामध्ये ६५३ जना फेला परेका छन् भने १४ जना अझै बेपत्ता रहेको जिल्ला प्रहरी कार्यालय झापाले जनाएको छ । प्रहरीका अनुसार हराएका व्यक्तिको खोजी कार्य निरन्तर भइरहेको छ ।

## घरेलु हिंसाका सबै उजुरी फछ्र्यौट

**दमक/** जिल्ला प्रहरी कार्यालय झापाका अनुसार गत वर्ष जिल्लाभर घरेलु तथा महिला हिंसासम्बन्धी १२३ वटा उजुरी परेका थिए । उजुरी प्राप्त हुनासाथ घटनाको प्रकृति हेरी प्रहरीले आवश्यक प्रक्रिया अघि बढाउँदै समस्या समाधान गर्दै बाँकी ४ पेजमा ▸▸

## पिण्डेश्वरमा सुरु भयो बोलबम यात्रा

**धरान/** विजयपुर डाँडामा रहेको प्रसिद्ध धार्मिकस्थल पिण्डेश्वर बाबाधाममा बोलबम सुरू भएको छ । साउन महिनाको पहिलो सोमबारसँगै पिण्डेश्वर बाबाधाममा दर्शन तथा जलाभिषेक गर्ने श्रद्धालुको उल्लेख्य उपस्थिति रहेको मन्दिर व्यवस्थापन समितिले जनाएको छ । पिण्डेश्वर बाबाधाममा राति १२ बजेदेखि नै भक्तजनको बाँकी ४ पेजमा ▸▸

## छात्राहरुमाथि दुर्व्यवहार गर्ने २ शिक्षक र चालक पक्राउ

*__मोरङ/__ मोरङको सुन्दरहरैँचा नगरपालिका-१० स्थित सुकुना माध्यमिक विद्यालय (मावि)मा अध्ययनरत छात्राहरूलाई दुर्व्यवहार गरेको आरोपमा विद्यालयका दुई जना शिक्षक र एक जना सवारी चालकलाई प्रहरीले सोमबार पक्राउ गरेको छ ।*

*पक्राउ पर्नेमा सुन्दरहरैँचा-१० का ४० वर्षीय प्रदीप भट्टराई, सुन्दरहरैँचा-२ का ३० वर्षीय किशोरलाल गच्छदार र सुन्दरहरैँचा-१२ का ३५ वर्षीय अबिरल मास्के रहेको प्रहरीले जनाएको छ ।*

*छात्राहरुमाथि दुर्व्यवहार गरेको आरोपमा विद्यार्थीहरूले विरोध प्रदर्शनको तयारी गरेपछि उनीहरूलाई प्रहरीले जनाएको छ । मोरङ प्रहरीका सूचना अधिकारी डीएसपी मकेन्द्रकुमार मिश्रका अनुसार पक्राउ पर्नेमध्ये भट्टराई सोही विद्यालयका सवारी चालक तथा गच्छदार र मास्के शिक्षक हुन् ।*

*प्रहरीका अनुसार विद्यालयका केही छात्रालाई मोबाइलमार्फत व्यक्तिगत सन्देश (म्यासेज) पठाउने, परीक्षामा उत्तीर्ण गराइदिने आश्वासन दिने तथा अमर्यादित व्यवहार गरेको सार्वजनिक भएपछि शिक्षक र सवारी चालकलाई पक्राउ गरिएको हो ।*

## दमकमा आस्था फाउडेसन संस्था गठन, अध्यक्षमा गुरुङ

**दमक/** झापाका सामाजिक तथा व्यावसायिक क्षेत्रका अगुवाहरू समाज रुपान्तरणका लागि संगठित भएका छन् । युवाहरूमा बढ्दो लागूऔषध दुर्व्यसनका कारण समग्र समाज नै जोखिममा परेको ठहर गर्दै यसको नियन्त्रण र रोकथामका लागि अभियान चलाउने उद्देश्यले उनीहरू गोलबद्ध भएका हुन् । शनिबार दमकमा सम्पन्न सरोकारवालाहरूको भेलाले केर्खाका सामाजिक अगुवा चक्र गुरुङको अध्यक्षतामा ११ सदस्यीय आस्था फाउण्डेशन तदर्थ समिति गठन गरेको छ । गठित समितिको उपाध्यक्षमा दुर्गा काफ्ले,

सचिवमा पवन विष्ट र कोषाध्यक्षमा रिडकुमार आचार्य चुनिएका छन् । यसैगरि, सदस्यहरुमा सन्तोष थाम्सुहाङ , होमबहादुर बराल, दुर्गाबहादुर खड्का, तनुजा दुलाल,शान्ता दाहाल (उप्रेती), बादचन्द्र कार्की र बिक्की प्रसाद साह चुनिएका छन् ।

सामाजिक अगुवा भीमराज केरुङको अध्यक्षतामा बसेको उक्त बैठकले लागूऔषध नियन्त्रण र रोकथामका लागि विभिन्न सचेतनामूलक कार्यक्रमहरू सञ्चालन गर्ने निर्णय गरेको छ । यसका साथै दुर्व्यसनमा फसेका युवाहरूको पुनःस्थापनाका लागि उपचार सेवासमेत सञ्चालन गर्ने लक्ष्य राखिएको नवगठित संस्थाका अध्यक्ष गुरुङले जानकारी दिए । उनका अनुसार संस्थाले स्थानीय सामाजिक संघसंस्था, स्थानीय तह , प्रदेश सरकार लगायतका सरोकारवालाहरुसंग आपसी समन्वय ,सहकार्य गरि कार्यक्रमहरु सञ्चालन गरिने छन् ।

भेलाले संस्थालाई संस्थागत रूपमा अगाडि बढाउन विधान निर्माणको प्रक्रिया पनि सुरु गरेको छ । जसका लागि हेमनाथ अधिकारीको संयोजकत्वमा ५ सदस्यीय विधान मस्यौदा समिति गठन गरिएको छ । गठित समितिको सदस्यहरुमा कृष्णराज थापा, गिरेन्द्र चम्लागाई, उमानाथ भण्डारी र गोपाल गुरागाईं रहेका छन् । उक्त संस्थाले छिट्टै नै आफ्ना गतिविधिहरूलाई तीव्र पार्ने जनाएको छ ।


# देशका नौ प्रमुख राजमार्ग अवरुद्ध

**दमक/** लगातारको वर्षासँगै देशका विभिन्न स्थानमा पहिरो र बाढीका कारण देशका नौ प्रमुख राजमार्ग अवरूद्ध भएका छन् । नेपाल प्रहरीका अनुसार, कोशी र बागमती प्रदेशका विभिन्न सडकखण्डमा पूर्ण तथा आंशिक अवरुद्ध छ ।

कोशी प्रदेशको भोजपुर नगरपालिका-५ बोखिमस्थित मध्यपहाडी लोकमार्ग भने बाढीका कारण एकतर्फी सवारी सञ्चालन भइरहेको छ । इलाम नगरपालिका-९ राजदुवाली र पाँचथरको याङवरक गाउँपालिका-१ खोबरे खोलास्थित मेची राजमार्ग पहिरोका कारण पूर्ण रूपमा अवरूद्ध छ ।

यस्तै, खोटाङको दिक्तेल रूपाकोट मझुवागढी नगरपालिका-६ माटेखोला क्षेत्रमा मध्यपहाडी लोकमार्गको दिक्तेल-भोजपुर सडकखण्ड पनि पहिरोबाट पूर्ण रूपमा बन्द भएको प्रहरीले जनाएको छ । बागमती प्रदेशमा सम्भावित बाढीका कारण बिपी राजमार्ग सञ्चालनमा रोक लगाइएको र काठमाडौं-हेटौंडा कान्ति लोकपथमा सम्भावित बाढी तथा पहिरो जोखिमका कारण अर्को सूचना नभएसम्म सवारी सञ्चालनमा रोक लगाइएको छ । सिन्धुपाल्चोकको भोटेकोशी गाउँपालिका-४ जुरीखोला र कोदारीस्थित अरनिको राजमार्ग पहिरोका कारण पूर्ण रूपमा अवरूद्ध रहेको नेपाल प्रहरीले जनाएको छ । रसुवाको गोसाइँकुण्ड गाउँपालिका-६ बोकेझुण्डास्थित पासाङल्हामु सडक खण्डमा एकतर्फी सवारी सञ्चालन बाँकी ४ पेजमा ▸▸

**महिला हराएको सूचना**



जिल्ला पाँचथर फाल्गुनन्द गाउँपालिका वडा न. ५ घर भई हाल झापाको दमक नगरपालिका वडा न. २ मा बस्दैआएका म निवेदक दिलीप चेम्जोङको श्रीमती अन्दाजी **वर्ष ४३ की एलिशा लिम्बू**सँग घर व्यवहारको विषयलाई लिएर सामान्य विवाद हुदाँ मिति २०८३ असार ३० गते आफूखुसी घर छाडी गएको र उनका आफन्तजन, नजिकका नातेदारहरु तथा मेरो आफन्तकोमा समेत खोजतलास गर्दा समेत फेला पार्न नसकिएको हुदाँ कसैले निजलाई देख्नुभए नजिकको प्रहरी कार्यालय तथा निम्न सम्पर्कमा सूचित गरि सहयोग पुरयाँई दिन हुन हार्दिक अनुरोध गर्दछु ।

**दिलीप चेम्जोङ**
दमक-२ झापा (मो.९७१४३२२२५१)

**फ्ल्याट भाडामा**

दमक-९ स्थित निम्स हस्पिटल तथा कन्काई पाटी प्यालेस बिचमा पर्ने आकर्षक, सुविधायुक्त नयाँ भवनको दोस्रो तलको **५ कोठाको फ्ल्याट भाडामा** छ ।

सम्पर्कका लागि :
Call : 9814985848

## सम्पादकीय

# आचरणलाई शुद्ध बनाउने श्रावण महिना

सनातन हिन्दु धर्ममा श्रावण महिना केवल पात्रोको एउटा महिना होइन, आस्था, आत्मसंयम, भक्ति र आध्यात्मिक जागरणको पवित्र अवसर हो । वर्षायामको हरियालीसँगै प्रकृतिले नयाँ जीवन पाउँदा मानिसलाई पनि आफ्नो जीवन, व्यवहार र आचरणलाई शुद्ध बनाउने प्रेरणा दिने महिना हो श्रावण ।

श्रावण विशेषगरी भगवान् शिवको आराधनाको महिना मानिन्छ । सोमबारको व्रत, शिवालयमा जलाभिषेक, रूद्राभिषेक, महामृत्युञ्जय मन्त्रको जप तथा शिवभक्तहरुको श्रद्धा र समर्पणले यो महिनालाई विशिष्ट बनाएको छ । धार्मिक मान्यताअनुसार समुद्र मन्थनका बेला निस्किएको कालकूट विष भगवान् शिवले ग्रहण गरेर सृष्टिको रक्षा गर्नुभएको स्मरणमा जल अर्पण गर्ने परम्परा विकसित भएको विश्वास गरिन्छ । त्यसैले शिवप्रति कृतज्ञता, समर्पण र कल्याणको कामना गर्दै लाखौं श्रद्धालु श्रावणभर पूजा(आराधनामा सहभागी हुन्छन् । तर श्रावणको महत्व केवल धार्मिक अनुष्ठानमा सीमित छैन । यसको मूल सन्देश आत्मसंयम, सत्य, करूणा, क्षमा, सेवा र सदाचार हो । व्रतको अर्थ केवल भोजन त्याग गर्नु होइनह्य ऋोध, लोभ, अहंकार, असत्य र हिंसालाई पनि त्याग्ने अभ्यास हो । यदि पूजा बढ्छ तर व्यवहारमा नम्रता, सहिष्णुता र नैतिकता आउँदैन भने धार्मिक कर्मकाण्डको वास्तविक उद्देश्य अधुरै रहन्छ ।

नेपाल बहुधार्मिक, बहुसांस्कृतिक र बहुजातीय मुलुक हो । यस्तो समाजमा आफ्नो धर्म र संस्कृतिप्रति गर्व गर्नु स्वाभाविक र सम्मानजनक कुरा हो । त्यस्तै, अरुको आस्था र विश्वासप्रति सम्मान प्रकट गर्नु पनि सभ्य समाजको आधार हो । श्रावणले हामीलाई आफ्नो धर्म पालनसँगै सहिष्णुता, सद्भाव र सामाजिक एकताको सन्देश पनि दिन्छ । वर्तमान समयमा परम्परा र आधुनिकताको बहस तीव्र बन्दै गएको छ । कतिपयले धार्मिक परम्परालाई अन्धविश्वासको रुपमा चित्रण गर्छन् भने कतिपयले धर्मलाई केवल बाह्य प्रदर्शनमा सीमित बनाउने प्रयास गर्छन् । यी दुवै अतिवाद समाजका लागि हितकर छैनन् । धर्मको सार विवेक, नैतिकता, अनुशासन र मानव कल्याणमा निहित हुन्छ । त्यसैले श्रावणलाई केवल सामाजिक सञ्जालका तस्बिर, बाहिरी प्रदर्शन वा फेसनको विषय बनाउने होइन, यसको आध्यात्मिक र सांस्कृतिक मूल्यलाई आत्मसात् गर्ने अवसरका रुपमा लिनुपर्छ ।

आजको पुस्तामा आफ्नो मौलिक संस्कृतिप्रति चासो घट्दै गएको चिन्ता पनि उत्तिकै गम्भीर छ । परिवार, विद्यालय र समाजले श्रावणको धार्मिक, सांस्कृतिक र नैतिक महत्वबारे नयाँ पुस्तालाई सही जानकारी दिन सके मात्र हाम्रो सनातन परम्परा पुस्तान्तरण हुँदै जानेछ । संस्कृति संरक्षण केवल मन्दिर निर्माणले होइन, संस्कार निर्माणले सम्भव हुन्छ । श्रावणले हामीलाई भगवान् शिवको आराधनासँगै प्रकृतिप्रति कृतज्ञ बन्न, जलस्रोतको संरक्षण गर्न, जीवप्रति दया गर्न, परिवार र समाजमा सद्भाव बढाउन तथा आफ्नो चरित्रलाई अझ अनुशासित र मर्यादित बनाउन प्रेरित गर्छ । यही नै श्रावणको वास्तविक सन्देश हो । श्रावण महिनाको पावन अवसरमा सबै सनातन हिन्दु धर्मावलम्बीले धर्मको सारलाई जीवनमा उतारुन्, समाजमा सद्भाव, नैतिकता र मानवताको भावना अझ बलियो बनोस् । यही श्रावणको शुभकामना र यही सनातन संस्कृतिप्रतिको सच्चा सम्मान हुनेछ ।

# डिजिटल माध्यमबाट १० लाख रूपैयाँसम्म कर्जा लिन सकिने

दमक / नेपाल राष्ट्र बैंकले डिजिटल कर्जाको दायरा विस्तार गर्दै लघु, साना तथा मझौला (एमएसएमई) व्यवसायीलाई डिजिटल माध्यमबाटै अधिकतम १० लाख रूपैयाँसम्म कर्जा लिन सक्ने व्यवस्था गरेको छ । 'विद्युतीय माध्यमबाट प्रवाह हुने कर्जा सम्बन्धी मार्गदर्शन, २०७८' मा पहिलो संशोधन गर्दै राष्ट्र बैंकले व्यवसायीका साथै नियमित आम्दानी हुने व्यक्तिका लागि पनि डिजिटल कर्जाको सीमा बढाएको हो । संशोधित व्यवस्थाअनुसार एमएसएमई व्यवसायीले दीर्घकालीन चालू पुँजी कर्जाका लागि अधिकतम १० लाख रूपैयाँसम्म डिजिटल कर्जा लिन सक्नेछन् । अल्पकालीन चालू पुँजी कर्जाको सीमा भने ५ लाख रूपैयाँ तोकिएको छ । दीर्घकालीन कर्जाको भुक्तानी अवधि सम्बन्धित बैंक तथा वित्तीय संस्थाको चालू पुँजी कर्जा नीतिअनुसार निर्धारण हुनेछ भने अल्पकालीन कर्जा एक वर्षभित्र भुक्तानी गर्नुपर्नेछ ।

तलब, पेशागत वा व्यावसायिक आम्दानी नियमित रूपमा बैंक खातामा जम्मा हुने व्यक्तिले अधिकतम ५ लाख रूपैयाँसम्म डिजिटल कर्जा लिन सक्नेछन् । यस्ता कर्जाको भुक्तानी अवधि तीन वर्षसम्म हुनेछ । त्यस्ता खाता नभएका अन्य व्यक्तिका लागि भने डिजिटल कर्जाको सीमा २ लाख रूपैयाँ कायम गरिएको छ, जसको भुक्तानी अवधि पनि तीन वर्षसम्म हुनेछ ।

डिजिटल कर्जा लिन ग्राहकले सम्बन्धित बैंक वा वित्तीय संस्थाको आधिकारिक मोबाइल एप वा डिजिटल पोर्टलमार्फत आवेदन दिनुपर्नेछ । आवेदनपछि बैंकले ग्राहकको बैंक खाता, डिजिटल कारोबार, आम्दानी, व्यवसायको कारोबार, भुक्तानी इतिहास तथा कर्जा तिर्न सक्ने क्षमताजस्ता विवरणको डिजिटल विश्लेषण गर्नेछ । योग्य ठहरिएपछि कर्जा स्वीकृतिको जानकारी डिजिटल माध्यमबाट दिइनेछ र रकम सिधै ग्राहकको बैंक खातामा जम्मा हुनेछ ।

राष्ट्र बैंकका अनुसार डिजिटल कर्जाको मूल्यांकन गर्दा ग्राहकको कारोबार इतिहास, अद्यावधिक केवाइसी, खाताको सक्रियता, आम्दानीको स्रोत, कर्जा सूचना केन्द्रको विवरण तथा व्यवसायीका हकमा डिजिटल कारोबार र बिक्रीसम्बन्धी तथ्यांकलाई पनि आधार बनाउन सकिनेछ । यस्ता विवरण भने ग्राहकको सहमतिमा मात्रै प्रयोग गर्न पाइने व्यवस्था गरिएको छ । बैंक तथा वित्तीय संस्थाले आवश्यक परे भुक्तानी सेवा प्रदायक वा प्रविधि कम्पनीसँग सहकार्य गर्न सक्ने भए पनि कर्जाको सम्पूर्ण जोखिम र जिम्मेवारी सम्बन्धित बैंककै हुनेछ । साथै, कुनै पनि सेवा प्रदायकले ग्राहकलाई कुनै विशेष बैंकबाट कर्जा लिन दबाब दिन नपाउने व्यवस्था गरिएको छ ।

# ओशो प्रेममा पल्किएका नयाँ पुस्ता



सत्येन्द्रलाल कर्ण
lalsatyendra1959@gmail.com

**ओशो जहाँ-जहाँ गए त्यहाँ-त्यहाँ उनका समर्थकहरु र उनको विचार लाई सुन्ने र आफ्नो जीवनमा त्यसलाई पालना गर्ने व्यक्तिहरुको समूह बढ्दै गयो तथा उनको विरोध गर्नेहरुको संख्या पनि उत्तिकै बढ्दै गयो। ओसोले लेखेका पुस्तकहरु नै अहिले ओशोलाई एउटा असल भौतिकवादी र आध्यात्मिक गुरूको रूपमा चिनाउन थालेको छ ।**

संसारले ओशोलाई ध्यान, प्रेम, चेतना र आनन्द सिकाउने मार्ग दर्शक गुरूको रूपमा स्वीकार गरी सम्मान दिई रहेको छ । योग ध्यानबाट मानसिक शान्ति पाउन सकिन्छ र तनावरहित जीवन हाँसी खुसी बिताउन सकिन्छ भन्ने आदर्श वाक्यलाई ओशो दर्शनको मूल मन्त्र मान्न सकिन्छ ।

महिला र पुरूषको शरीरमा रहेको ऊर्जालाई मात्र काम वासनाको पूर्ति र आनन्द प्राप्तिको रूपमा प्रयोग न गरी शारीरिक स्वास्थ्य र मानसिक स्वास्थ्यलाई समेत बलियो बनाउन सम्भोग बाट समाधिमा जान सकिन्छ कि भन्ने विचारले ओशो आश्रम तिर आउ-जाउ गरिरहेका ओशो प्रेममा अहोभाव खोज्ने जिज्ञासु युवा युवतीहरूको ठूलो आकर्षण देख्न सकिन्छ । सम्भोगबाट समाधिमा जान सक्ने परिकल्पनाले नै युवा युवतीहरूलाई अझ स्वतन्त्र र उर्जाशिल बनाउँछ र ओशो सन्यासी र सन्यासिनिको रूपमा ओशो ध्यान केन्द्रसंग आबद्ध हुन उत्प्रेरित गराउँछ । ओशो ध्यान केन्द्रमा ध्यान र नृत्य गर्ने ओशो सन्यासीहरू कुनै गीता रामायण र वेदमा वर्णित भगवान र देवी देवताको दर्शन र सिद्धि हुने आशाले न भएर आत्म साक्षात्कार र आत्म अनुभूति गर्ने उद्देश्यका लागि ओशोको शिष्यत्व ग्रहण गर्दछन् । उनी समाजले बनाएका नियमहरु परम्पराहरु मूल्यमान्यताहरु सबै ढोङ हो भन्ने गर्दथे ।

उनले विभिन्न धर्महरूमा रहेको विरोधाभासपूर्ण विचारहरूलाई खण्डन गरी एउटा अत्यन्त नयाँ र आधुनिक विचारको रूपमा ओसो मतको प्रतिपादन गरेका थिए । उनको विचार र दर्शन फ्रायडको यौन मनोविज्ञानसँग सम्बन्धित थियो । मानिसको अवचेतन मनभित्र काम भावनाले जरा गाडेर बसेको हुनाले मानिसहरू जीवन पर्यन्त यौन सन्तुष्टिका लागि निरन्तर प्रयत्नशील रहेका भेटिन्छन् । भौतिकवादी दर्शन र मनोविज्ञानले सेक्सुअल ओर्गनिजम लाई नै मानव शरीरको सबैभन्दा विशिष्ट र सक्रिय अङ्गको रूपमा स्वीकार गरेकोले काम भावनालाई दमित पारेर मानिसहरूले जीवनमा कुनै किसिमको सुख शान्ति र आनन्दको अनुभूति गर्न सक्दैन भन्ने विचारले नै ओशोको दार्शनिक पक्षलाई अभिव्यक्त गर्दछ ।

परम्परावादी सनातन हिन्दू संस्कृतिमा यम नियम, प्राणायाम, प्रत्याहार, धारणा, ध्यान र समाधिको निरन्तर अभ्यास बाट मानिसहरूले योग साधना गर्दै ईश्वर प्राप्तिको अवसर भेटाउन सक्नेछन्, अनि मात्र शान्ति प्राप्त गर्न सक्दछन् भनेर धार्मिक ग्रन्थहरूमा लेखिएको पाइन्छ, तर ओसोले यस्ता विचारहरूलाई रूढीवाद र पाखण्ड भनेर मात्र बताएनन् उनले संयमित जीवन बिताउने र ब्रह्मचर्य पूर्वक जीवनयापन गर्ने साधु सन्यासीहरूलाई चुनौती दिंदै आफ्नो ओसो मतको प्रतिपादन गर्नुभयो । ओशो कै जीवनकालमा ओसोले परम्परावादी समाजको ठूलो विरोध र आलोचना खेप्नु परेको थियो।ओशो पूर्णरूपमा भौतिकतावादी विचारक थिए । जीवनमा सुख र आनन्द प्राप्त गर्नको लागि मनग्गे धन कमाउनुपर्छ ।

गरिब व्यक्तिहरूले जीवनमा सुख र शान्ति तथा आनन्द प्राप्त गर्न सक्दैन। उनले आफ्नो आश्रममा चर्को शुल्क नतिरी बस्न र सिक्न पाइँदैन भन्ने किसिमको नियमहरु बसाएका थिए । ओशो आश्रममा मूलत युवा सन्यासी तथा सन्यासीनीहरूलाई मात्र प्रवेश दिने गरिन्थ्यो । गरिब, वृद्धवृद्धाहरू बालबालिकाहरू तथा रोगीहरु लाई आश्रममा बस्न पूर्ण रूपमा निषेध गर्ने गरिन्थ्यो । ओशोको स्वयंको जीवनमा ईश्वरको कुनै अस्तित्व थिएन । ओशो मूल रूपमा अनीश्वरवादी थिए । उनका कोही गुरू थिएन र उनले आफ्नो जीवनको अन्त्य हुँदासम्म पनि आफ्नो कुनै उत्तराधिकारी गुरूको छनौट गर्नुभएन । उनले खोलेका ट्रष्टहरूलाई अहिले ओशोका शिष्यहरूले नै चलाइरहेका छन् । दार्शनिकहरु स्वभावैले विद्रोही हुन्छन् । ओशोले पनि आफ्नो विचार र दर्शनलाई तार्किक रूपमा प्रस्तुत गर्दै विभिन्न धर्म र संस्कृतिमा प्रचलित मूल्य मान्यता र परम्परा भित्र रहेका आडम्बर र गलत कुराहरूलाई पाखण्ड भन्दै खण्डन मण्डन गरे तथा गौतम बुद्ध जस्तै संसारभरि नै एउटा नयाँ ओशो धर्म बनाउने र चलाउने गरी ओशो कम्यून विचार केन्द्र र ध्यान केन्द्र जस्ता संस्थाहरु सञ्चालन गर्न लगाए ।

ओशो मूल रूपमा दार्शनिक विद्वान भएकोले उनले विश्वविद्यालयमा पढाउने गरेका विषय मनोविज्ञान र, तर्क शास्त्र भएकोले उनले लेखेका पुस्तकहरूमा मानव जीवनका अनुत्तरित गुढ प्रश्नहरु, गम्भीर विषय वस्तुहरु तथा मानव मनका अनुत्तरित प्रश्नहरु तथा जीवनका शाश्वत सत्यलाई गहिरो अध्ययन गरी बुझ्न सकिन्छ ।

खासगरी युवावस्थामा प्रवेश गर्दै गरेको युवा र युवतीहरूको मनलाई व्युँझ्याउने र किशोर किशोरीहरूमा काम भावना उद्दिपित गराउने गरि स्वतन्त्र रूपमा यौन साथीहरु रोज्ने र ओशो केन्द्रहरूलाई अविवाहित जोडीहरूको मेटिङ् प्लेसको रूपमा विकसित गराउने उनको योजना यूरोप अमेरिका क्यानाडा डेनमार्क नेदरल्यान्ड युके लगायत भारत तथा नेपालका शहरी क्षेत्रहरूमा व्यापक रूपमा विस्तार हुँदै गयो । रजनिशको जीवन कालमा नै मुम्बई महाराष्ट्रको पुणे स्थित रजनिशपुरम तथा मध्यप्रदेशको पुना स्थित उनको आश्रममा हजारौंको संख्यामामा विदेशी पर्यटक हरूको आगमनले गर्दा संस्थालाई ठूलो मात्रामा धनको पनि प्राप्ति हुँदै गयो ।

रजनीशबाट आचार्य रजनीश त्यसपछि भगवान रजनीश बनेका मध्यम वर्गीय परिवारका जैन धर्मावलम्बी कपडा व्यापारी बाबुको छोरो रजनीश ओशो रजनीशमा रुपान्तरण भए । उनले आफूलाई चिनाउन बौद्ध धर्मको गुरू परम्पराको जापान तिर प्रचलनमा रहेको ओशो नामलाई मृत्युपर्यन्त सम्म फेर्न पाउनु भएन ।

सन् १९९१मा मात्र ५७ वर्षको उमेरमा उहाँको मृत्यु खास गरी युवा महिलाहरूले प्रयोग गर्ने धेरै सुगन्ध आउने अत्तरको एलर्जीको कारणले स्वाँस प्रंस्वास प्रणालीमा इन्फेक्सनको कारण ले भएको थियो । ओशोले आफ्नो जीवनकालमा आफ्नो प्रवचनहरूबाट विश्वका प्रसिद्ध लेखकहरु, कलाकारहरु, कविहरु, फिल्म निर्माताहरु, तथा सिनेकर्मीहरु लगायत ठूलठुला उद्योगपति र पुँजीपतिहरूलाई प्रभावित पारेका थिए। वैश्विक रूपमै नारी र पुरुष बीचको समान स्वतन्त्रता, लैङ्गिक स्वतन्त्रता र अधिकारको माग गर्ने समाज र संस्थाहरूले ओशोको विचारलाई पूर्णरूपमा समर्थन गरेका थिए ।

ओशो जहाँ-जहाँ गए त्यहाँ-त्यहाँ उनका समर्थकहरु र उनको विचारलाई सुन्ने र आफ्नो जीवनमा त्यसलाई पालना गर्ने व्यक्तिहरूको समूह बढ्दै गयो तथा उनको विरोध गर्नेहरूको संख्या पनि उत्तिकै बढ्दै गयो। ओसोले लेखेका पुस्तकहरु नै अहिले ओशोलाई एउटा असल भौतिकवादी र आध्यात्मिक गुरूको रूपमा चिनाउन थालेको छ । ओशो मूलरूपमा यौन स्वतन्त्रताका पक्षपाती थिए । उनी धार्मिक कर्मकाण्डका कट्टर विरोधी थिए । ओशो लाई मन्दिर मस्जिद, चर्चा गुरुद्वारा जैन मन्दिर आदिप्रति कुनै आस्था थिएन । व्यावहारिक रूपमा हुने उनी घोर नास्तिक थिए ।

अहिले शारीरिक रूपमा ओशो जीवित नभएर पनि उनका विचारहरूलाई उनका समर्थकहरूले तथा शिष्यहरूले प्रचार प्रसार गरिरहेका छन् र उनले खोलेका आश्रमहरूमा समाजका ठूला व्यक्तिहरु पनि स्वास्थ्य र मानसिक शान्तिको चाहना राखेर जाने गरेका छन् । अहिले पश्चिमेली मुलुकहरूमा जुन किसिमको यौन स्वतन्त्रता छ त्यस्तै किसिमको यौन स्वतन्त्रताको पृष्ठपोषण गर्दै ओशो प्रेमीहरु प्रेम ध्यान र सेक्स थेरेपीको माध्यमबाट युवा युवतीहरू लाई स्वतन्त्र रूपमा बाँच्न र जीवनयापन गर्न उत्प्रेरणाहरु जगाइरहेको देखिन्छ ।

वास्तवमा ओशो विचारधाराले परम्परावादी संस्कारलाई विस्थापित गर्न खोजिरहेको र महिला र पुरुषबीच उन्मुक्त प्रेम सम्बन्धको रितिथिति बसाल्न समाजको अगुवाई गरिरहेको जस्तो अनुभव गर्न सकिन्छ । ओशो साँच्चिकै अर्थमा एउटा असल बुद्धिजीवी, भविष्य द्रष्टा गुरु र दार्शनिक व्यक्तित्व थिए ।

# शिवसताक्षी उवा संघमा दुलाल सर्वसम्मत

शिवसताक्षी/ शिवसताक्षी उद्योग वाणिज्य सङ्घले आफ्नो इतिहासमै पहिलोपटक सर्वसम्मत रूपमा नयाँ नेतृत्व चयन गरेको छ । तत्कालीन सतासीधाम उद्योग वाणिज्य संघ र शिवगञ्ज उद्योग वाणिज्य संघ एकीकरणपछि बनेको संघमा सबै पदमा एकल उम्मेदवारी परेपछि मतदान नै नगरी सम्पूर्ण पदाधिकारी तथा सदस्य निर्विरोध निर्वाचित भएका हुन् ।


निर्धारित निर्वाचन कार्यतालिकाअनुसार शनिबार निर्वाचन समितिले सम्पूर्ण प्रक्रिया पूरा गरी निर्वाचित पदाधिकारी तथा सदस्यहरूको नामावली सार्वजनिक गरेको हो । निर्वाचन समितिका संयोजक सुमन काफ्लेका अनुसार विधान र कार्यतालिका अनुसार निर्वाचन प्रक्रिया निष्पक्ष र विधिसम्मत रूपमा सम्पन्न भएको छ ।

नयाँ नेतृत्वअनुसार अध्यक्षमा अग्निप्रसाद दुलाल सर्वसम्मत निर्वाचित भएका छन् । वरिष्ठ उपाध्यक्षमा भोजराज ढकाल, उद्योग उपाध्यक्षमा सुबोधकुमार शाह, वाणिज्य उपाध्यक्षमा तेजनाथ घिमिरे, महासचिवमा विनोद सापकोटा, उद्योग सचिवमा कमल विक, वाणिज्य सचिवमा जितेन्द्रकुमार शाह तथा कोषाध्यक्षमा खनिमाया श्रेष्ठ चयन भएका छन् । खुला सदस्यमा मनबहादुर श्रेष्ठ, युवराज थापा, अशोक बस्नेत, लीलाबहादुर जोशी, प्रेमध्वज जबेगु र धनकुमार ढकाल तथा महिला सदस्यमा सीता बास्कोटा र सरस्वता श्रेष्ठ निर्विरोध निर्वाचित भएका छन् ।

निवर्तमान अध्यक्ष यामनाथ काफ्लेले दुई संस्थाको एकीकरणपछि पहिलोपटक सर्वसम्मत नेतृत्व चयन हुनु संघको परिपक्वता र उद्योगी-व्यवसायीबीचको एकताको उदाहरण भएको बताए । उनले नयाँ कार्यसमितिले निजी क्षेत्रका साझा हितको संरक्षण गर्दै नगरको आर्थिक विकासमा प्रभावकारी भूमिका खेल्ने विश्वास व्यक्त गरे ।

## सामाजिक सञ्जाल

# शाहीजी, ऐना अरुलाई होइन, कहिलेकाहीँ आफैंलाई पनि देखाउनुपर्छ



केशव थापा

ज्ञानेन्द्र शाहीजी, तपाईंको पछिल्लो पोस्ट पढ्दा एउटा पुरानो उखान सम्झना आयो(अरुको आँखाको तिन्का देख्ने, आफ्नै आँखाको डाँठ नदेख्ने ।

तपाईंले विदेशमा रहेका नेपालीहरूलाई 'ग्याङ', 'गजेडी', 'ठग', डिप्रेसनका रोगी जस्ता शब्द प्रयोग गरेर सामूहिक रूपमा अपमान गर्नुभएको छ । फरक मत राख्नेहरूलाई सम्मानपूर्वक जवाफ दिनुको सट्टा उनीहरूको चरित्रमाथि प्रहार गर्ने शैली लोकतान्त्रिक संस्कारसँग मेल खाँदैन ।

विडम्बना के छ भने, अरूलाई मर्यादा सिकाउने तपाईंको आफ्नै सार्वजनिक राजनीतिक शैली भने वर्षौंदेखि आक्रामक अभिव्यक्ति, उत्तेजक टिप्पणी र विवादबाटै परिचित छ । जसलाई तपाईं अरूमा दोष देख्नुहुन्छ, त्यही शैलीको आरोप तपाईंमाथि पनि लाग्दै आएको छ ।

सन् २०१९ मा नेपालगञ्ज विमानस्थलमा भएको घटनामा मन्त्री योगेश भट्टराईसँगको विवादपछि तपाईंलाई प्रहरीले नियन्त्रणमा लिएको र त्यस घटनाले व्यापक सार्वजनिक चर्चा पाएको कुरा नयाँ होइन । त्यसैले आज अरूलाई शिष्टाचार र जिम्मेवारीको पाठ पढाउँदा धेरैले तपाईंको आफ्नै विगत पनि सम्झिन्छन् । सार्वजनिक जीवनमा विश्वसनीयता भाषणले होइन, व्यवहारले निर्माण हुन्छ ।

तपाईंले आफूलाई राजावादी नेताका रूपमा प्रस्तुत गर्नुहुन्छ । तर एउटा प्रश्न उठ्छ( राजतन्त्रको सम्मान केवल नाराले हुन्छ कि संस्कारले पनि? आज सार्वजनिक रूपमा जे पायो त्यही बोल्ने, असहमतिलाई गालीले जवाफ दिने र भाइरल हुनकै लागि उत्तेजक भाषा प्रयोग गर्ने प्रवृत्तिले भोलि राजसंस्थाको सम्मान कसरी जोगाउँछ?

यदि कुनै दिन राजतन्त्र फर्कियो भने पनि देश चलाउनेहरु यस्तै राजनीतिक नेतृत्व नै हुनेछन् । त्यसैले राजाको नाम बेचेर राजनीति गर्नु र राजसंस्थाको सम्मान गर्नु एउटै कुरा होइन । राजाको नाममा जनभावना बेचेर आफ्नै राजनीतिक उचाइ बढाउने प्रयासलाई राजावाद भन्न सकिँदैन; त्यो अवसरवाद मात्र हो ।

सबैभन्दा दुःखद पक्ष विदेशमा रहेका नेपालीहरूलाई एउटै बास्केटमा राखेर अपमान गर्नु हो । लाखौं नेपालीले आफ्नो परिवार र देशका लागि पसिना बगाइरहेका छन् । उनीहरूले पठाएको रेमिट्यान्सले देशको अर्थतन्त्र धानेको छ । केही व्यक्तिसँग असहमति हुन सक्छ, तर त्यसलाई आधार बनाएर सम्पूर्ण समुदायलाई होच्याउनु नेतृत्वको भाषा होइन ।

लोकतन्त्रमा आलोचना गर्ने अधिकार सबैलाई छ । तर आलोचना तथ्यमा आधारित, सभ्य र जिम्मेवार हुनुपर्छ । यदि आफ्ना समर्थकले बोलेको अपशब्दलाई अभिव्यक्ति स्वतन्त्रता भन्ने, तर अरूको आलोचनालाई चरित्रहत्या भन्ने हो भने त्यो सिद्धान्त होइन, सुविधाअनुसार बदलिने मापदण्ड हो ।

शाहीजी, अरूलाई ऐना देखाउनु अघि एकपटक आफ्नै प्रतिबिम्ब पनि हेर्नुहोस् । सार्वजनिक जीवनमा सबैभन्दा ठूलो परीक्षा भाषण होइन, व्यवहार हो । सम्मान मागेर पाइँदैन, कमाउनुपर्छ । र मर्यादा अरूलाई सिकाउनुअघि आफैंले अभ्यास गर्नुपर्छ ।

अन्त्यमा तपाईंले लेख्नुभएको यो पोस्ट आफ्ना बुबा, आमा, दिदीबहिनी वा आफ्नै परिवारका सदस्यहरूका अगाडि निर्धक्कसँग पढ्न सक्नुहुन्छ ? यदि त्यो सहज लाग्दैन भने, समस्या अरूमा होइन, भाषाको स्तरमै हुन सक्छ ।

गंगा ट्राभल्स एण्ड टुर्स

हाम्रा सेवाहरु:
➢ राष्ट्रिय तथा अन्तराष्ट्रिय सस्तोमा हवाई टिकट
➢ भारतका लागि रेल, बसको टिकट
➢ बैदेशिक रोजगारीको लागि श्रम स्वीकृति
➢ टुर प्याकेज तथा मनि ट्रान्सफर(IME)को सुविधा

Pre-Purchased fare"Ktm to Doha, Dubai, Kuwait "UAE Visit Visa available

Are you going to India ?
Special Pre Purchase fare for India
Indigo, Spice Jet, Air Asia, Vistara, Akasa air

बागडोगराबाट दिल्ली, कोलकाता, मुम्बई, अहमदाबाद,

बागडोगरा

गंगा ट्राभल्स एण्ड टुर्स
दमक-५, बेलडाँगी रोड, डिम्याक्स् सिनेमा अगाडी, ओम शान्ति डेन्टल हस्पिटलसँगै फोन:०२३-५७५३११/९८४२६४५१३६/९८१४९८५७२०

### अन्तुको पर्यटन व्यवसाय अशान्त

# प्रहरीले असुलेको जरिवाना ब्यक्तिको खातामा



इलाम । इलामको सूर्योदय नगरपालिका-४ स्थित अन्तु नेपालकै चर्चित पर्यटकीय गन्तव्य हो । झुल्के घामको मनमोहक दृश्यावलोकन, प्राकृतिक सौन्दर्य र ग्रामीण जीवनशैलीको अनुभव लिन हरेक वर्ष हजारौं स्वदेशी तथा विदेशी पर्यटक यहाँ पुग्ने गर्छन् । भारतको सिक्किम, दार्जिलिङ, मिरिक, सिलीगुडी, पश्चिम बंगाल लगायतका क्षेत्रबाट समेत ठूलो संख्यामा पर्यटक अन्तु पुग्ने गरेका छन् । यहाँ ६४ भन्दा बढी सामुदायिक तथा निजी होमस्टे र करिब ५० होटल तथा कटेज सञ्चालनमा छन् । तर पछिल्लो समय यही पर्यटकीय क्षेत्र अव्यवस्था, मूल्यमा मनपरी र सुरक्षा सम्बन्धी विवादका कारण आलोचित बन्न थालेको छ ।

पर्यटन व्यवसाय विस्तारसँगै आवश्यक नियमन हुन नसक्दा अन्तुमा अनेक समस्या देखिएका छन् । राति अबेरसम्म होटल तथा कटेजमा चर्को आवाजमा डिजे बजाउने, मदिरा सेवनपछि होहल्ला र झगडा हुने तथा सहमतिविपरीत रातभर व्यवसाय सञ्चालन हुने क्रम बढेको स्थानीय पर्यटन व्यवसायीहरु स्वीकार गर्छन् । अन्तु पर्यटन व्यवसायी संघले राति ११ बजेपछि व्यवसाय बन्द गर्ने, सानो आवाजमा मात्र बाजा बजाउने तथा पर्यटकको परिचय खुल्ने कागजात अनिवार्य राख्ने सहमति गरे पनि त्यसको प्रभावकारी कार्यान्वयन हुन सकेको छैन ।

यही विषयलाई लिएर केही दिनअघि प्रहरीले राति अबेरसम्म बजिरहेको डिजे सिस्टम नियन्त्रणमा लिएपछि व्यवसायी र प्रहरीबीच विवाद चर्किएको हो । व्यवसायीहरूले प्रहरीले होटलमा प्रवेश गरेर पर्यटक र व्यवसायीमाथि दुर्व्यवहार गरेको तथा जरिवानाको नाममा व्यक्तिगत खातामा रकम जम्मा गराउन बाध्य पारेको आरोप लगाएका छन् । छिरूवा प्रहरी चौकीका प्रहरी सहायक निरीक्षक गुणराज पोखरेलले रकम व्यक्तिगत खातामा जम्मा गराउन लगाउनु कमजोरी भएको स्वीकार गरेका छन् । यता जिल्ला प्रहरी कार्यालय इलामले भने प्रमाणसहित उजुरी आए कानुनअनुसार छानबिन र कारबाही गरिने जनाएको छ ।

अर्कोतर्फ अन्तुका अधिकांश होटल तथा होमस्टेमा कोठा र खानाको दररेट सार्वजनिक नगर्ने, पर्यटकसँग मनपरी शुल्क लिने तथा आगन्तुकको अभिलेख नराख्ने जस्ता समस्या पनि देखिएका छन् । स्थानीयका अनुसार राति अबेर पुगेका पर्यटकलाई कोठाको अभाव देखाएर महँगो शुल्क तिर्न बाध्य पारिने गरेको गुनासो बढ्दो छ । यसले पर्यटकमा असन्तुष्टि बढ्नुका साथै अन्तुको छविमा समेत नकारात्मक असर परेको छ ।

सूर्योदय नगरपालिकाले पर्यटकबाट गुनासा बढेकाले अनुगमन तीव्र पार्ने र नियम उल्लंघन गर्ने व्यवसायीमाथि कानुनी कारबाही गरिने जनाएको छ । पर्यटन क्षेत्रको दिगो विकासका लागि व्यवसायी, प्रहरी र स्थानीय सरकारबीच समन्वय, पारदर्शी नियमन र सेवा गुणस्तर सुधार अपरिहार्य देखिएको छ । अन्यथा, प्राकृतिक सौन्दर्यले भरिपूर्ण अन्तुको आकर्षण अव्यवस्थाकै कारण ओझेलमा पर्ने जोखिम बढ्दै गएको छ ।

### स्वास्थ्य टिप्स

# फिटि्करी पानीले खुट्टा धुँदा हुने फाइदाहरु



दमक/ फिटि्करीमा प्राकृतिक एस्ट्रिजेन्ट र एन्टिब्याक्टेरियल गुणहरु हुन्छन् । सुन्दरता बढाउन यसलाई धेरै तरिकाले प्रयोग गरिन्छ । अनुहारमा लगाउनेदेखि लिएर काखको दुर्गन्ध हटाउनेसम्म यसको अनेक प्रयोग छन् ।

तर फिटि्करी खुट्टाको लागि पनि धेरै तरिकाले फाइदाजनक छ । के तपाईँलाई यो कुरा थाहा छ ? आजको यस लेखमा हामी फिटि्करी पानीले खुट्टा धुँदा हुने फाइदाहरूबारे कुराकानी गर्नेछौं ।

गन्ध हटाउँछ - फिटि्करीलाई मनतातो पानीमा भिजाएर त्यसमा खुट्टा धुँदा खुट्टाको दुर्गन्ध हटाउन मद्दत गर्न सक्छ । तपाईँले दिनभर जुत्ता लगाउनुभएको छ र गर्मीले गर्दा पसिनाले खुट्टा गन्हाउन थाल्छ भने, फिटि्करीको पानीले खुट्टा धुँदा गन्ध हटाउन मद्दत गर्न सक्छ ।

थकान कम हुन्छ - फिटि्करीको पानीमा खुट्टा भिजाउँदा थकान कम हुन्छ । यदि तपाईँलाई थकान महसुस हुन्छ भने फिटि्करी पानीमा खुट्टा भिजाउनु फाइदाजनक हुन्छ ।

नङ पनि सफा गर्छ - तपाईंको नङ फोहोरले भरिएको छ वा फोहोर देखिन्छ भने फिटि्करीको पानीले खुट्टा धुनुहोस् । तपाईंको खुट्टा चम्किन थाल्नेछ ।

कुर्कुच्चा नरम बनाउँछ - फिटि्करी पानीले कुर्कुच्चा नरम बनाउँछ । यसले छालालाई पनि चम्किलो बनाउँछ ।

कसरी तयार गर्ने फिटि्करी पानी ?

मनतातो पानी टब वा बाल्टिनमा खन्याउनुहोस् । यस पानीमा १-२ टुक्रा फिटि्करी थप्नुहोस् ।

यदि तपाईँ फिटि्करीको धुलो प्रयोग गर्न चाहनुहुन्छ भने, तपाईँ २ चम्चा फिटि्करीको धुलो प्रयोग गर्न सक्नुहुन्छ ।

यस पानीमा आफ्नो खुट्टा १५ देखि २० मिनेटसम्म भिजाउनुहोस्, त्यसपछि निकाल्नुहोस् र पानीले कुल्ला गर्नुहोस् । समयको कमी छ भने, फिटि्करी पानीले सामान्य तरिकाले खुट्टा धुँदा पनि हुन्छ ।

### पुस्तक-साभार

## सुवर्ण शमशेर

निष्ठाको राजनीतिक यात्रा - अध्याय ४

# क्रान्तिको पूर्वाभ्यास

✍ कृष्ण धारावासी

**क्रमागत...**

छोटो समयको प्रयत्न पछि दुई पार्टी एक आपसमा विलय भएर नयाँ नाममा उदाए पछि नेपाली राजनीतिक वृत्तमा एउटा नयाँ तरङ्ग फैलियो । छोटो भन्नाले २००३ र २००५ सालमा छुट्टाछुट्टै गठन भएका पार्टीहरु एक वर्ष भित्रैमा फन्को मारेर एकठाउँमा जोडिन आइपुगेका थिए । तर यही तीन वर्षको छोटो समयमा पनि पटकपटकको एकता प्रयत्नका गतिविधिहरु भने लामा हुन पुगेका थिए । दरबारभित्रको षड्यन्त्र र अन्तर्रसंघर्षका बीच झन्झन् कठोर हुँदै गएको राणाशासन र त्यसका विरुद्ध भारतमा निर्वासित नेपाली राजनीतिज्ञहरूका बीच नयाँ पार्टीले चर्चा प्राप्त गरिरहेको थियो। पार्टीको यो एकता धेरै दिन टिक्न सक्दैन भन्ने विश्लेषकहरु पनि थिए भने यसलाई टिकाएर परसम्म पुन्याउनु पर्छ भन्ने शुभ चिन्तकहरु पनि थिए ।

एउटा कुरा के स्पष्ट थियो भने नेपाली काङ्ग्रेस पार्टीको गठन राजनीतिक सहजताका बेला रहरले राजनीति गर्न खोलिएको साधारण मञ्च थिएन । सयौं वर्षको इतिहासबाट निचोरिएर निस्किएको एउटा निर्णायक अभिव्यक्तिको दिन थियो । सुवर्ण शमशेर र बीपी कोइराला दुबै त्यस्ता ब्याक्ति थिए, जसले देशको राज्यसताका कारण निर्वासित हुनुपरेको थियो । यसकारण दण्डित हुनु परेका यी व्यक्तिहरु सरकार सत्ताधानको उदाहरण थिए । क्रान्तिचेतले दीक्षित गणेशमानि जस्ता युवकको भावना पनि यसैमा समाहित थियो । जो थिए पार्टीले चौतारी बनाई समाचारका वाक्यहरूमा मात्र खेल्न चाहनेहरु, आई बाहिरिएका थिए र यी जी बाँकी थिए आफूलाई सहादत दिन तया हुनेहरु थिए । त्यसैले चिया पसलमा बसी गरिने विश्लेषणहरूको पहुँचभन्दा धेरै माथिको उचाइबाट द्रुत गतिमा अघि बढ्न थालिसकेको थियो यो पार्टी ।

हिजोसम्म राष्ट्रिय कांग्रेस र प्रजातन्त्र कांग्रेसका नाममा विभाजित पार्टीहरु र त्यसमा आबद्ध केही व्यक्तिहरूलाई मात्र हेरेर काठमाडौंमा राजनीटिक मनोरजन गर्नेहरु र राजनीतिका नयाँ ज्योतिषीहरु जसरी औता मौचिरहेका थिए, तिनीहरु यो एकताको समाचारबाट मने अलमल्ल भएका थिए । यद्यपि पार्टी एकतालाई भाँड्न वा त्यसभित्र विवादहरु जम्माजम काठमाडौंदेखि गुपाचरहरु नखटेका भने थिएनन् । तर भावनात्मक दृढता र मुक्तिको संकल्पका अधि त्यस्ता षडयन्त्रहरु स्वतः निस्किय भएका थिए । स्पष्ट के छ भने बीपी, र सुवर्ण दुबैको अभीष्ट भन्नु नेपालको जहानियाँ शासनको अन्त्य र प्रजातन्त्रको स्थापना मात्र थियो । त्यो काम जोसुकैले जुनसुकै नाम, झण्डा र नेतृत्वबाट गरे पनि हुन्छ भन्ने थियो । परमबाट मात्र यो काम सम्पन्न होस र जस पाने पटक लोभ नभएका व्यक्तिहरूबाट शुरु भएको अभियानको परिणति थियो । पार्टी गठन हुने बेलामा बीपीलाई सभापति बनाउने मानसिक तयारी भइसकेपछि एकाएक सो पदका लागि मातृकाप्रसाद कोइरालाको नाम प्रस्तावित हुँदा गणेशमानलाई बीपीले सम्झाएको निम्न अभिब्यक्तिले पनि यो अवस्थालाई प्रमाणित गर्छ । त्यसबेला वीपीले गणेशमानलाई सम्झाउनु भएको थियो ।

'गणेशमानजी । हाम्रो लक्ष्य नेपालमा कान्ति हो, सभापति पद होइन । पार्टीको निर्माण ठूलो र अहम विषय हो । हामीले पदको निन्ति लक्ष्यलाई बिर्सनुहुँदैन ।

यसप्रकार आफ्नो तीनवटा उद्देश्य पूरा गरेर सम्मेलन सम्पन्न भयो । सम्मेलनको प्रवास र स्वदेश दुवैतर्फका परिवर्तनकामी जनतामा ठूलो उत्सुकता र उत्साह पैदा गराएको थियो ।

सम्मेलनको मुख्य काम थियो (१) नयाँ पार्टीको नाउँ तोक्ने, (२) झण्डा रोज्ने र (३) पार्टी अध्यक्ष छान्ने निर्णय भयो पार्टीको नाउँ नेपाली कांग्रेस रहने, यसको झण्डा तलमाथि रातो, बीचमा सेतो र सेतो भागमा चारवटा रातो तारा रहने, अनि पार्टीको नयाँ सभापति मातृकाप्रसाद कोइराला हुने ।

सम्मेलनले नेपाली कांग्रेसको घोषणापत्र पनि पारित गन्यो । विश्वेश्वरप्रसाद कोइरालाले लेख्नुभएको उक्त घोषणापत्रमा पहिलेपल्ट नेपालको राजनीतिक परिस्थितिको विशद रूपमा विश्लेषण गरिएको थियो र निष्कर्षमा प्रतिक्रियावादी राणाशासनको अन्त्य नभएसम्म नयाँ नेपालको निर्माणको सपना साकार हुनसक्तैन, त्यसैले नेपाली कांग्रेसको झण्डामुनि सबै नेपाली एक होऔं भन्ने आह्वान गरिएको थियो । एक व्यापक जनआन्दोलनद्वारा राणाशासन समाप्त पारेर आधुनिक युगसुहाउँदो प्रजातान्त्रिक व्यवस्थाको सूत्रपात गर्ने संकल्प नेपाली कांग्रेसको घोषणापत्रमा व्यक्त गरिएको थियो । घोषणापत्रमा नेपालका राजालाई बन्दीतुल्य जीवनबाट मुक्त तुल्याई राजाकै वैधानिक नायकत्वमा जनताद्वारा निर्वाचित प्रतिनिधिहरूका हातमा शासनको बागडोर सुम्पने प्रतिबद्धता व्यक्त गरिएको थियो ।

घोषणापत्रमा नेपालको पूर्ण स्वतन्त्रता र सार्वभौमसत्ताको रक्षा नेपाली कांग्रेसले गर्ने कटिबद्धताका साथै प्रजातन्त्रोत्तर नेपालले स्वतन्त्र परराष्ट्र नीति अपनाउने कटिबद्धता प्रकट गरिएको थियो । पेज न. ७७ ।

### मनोरञ्जन

# "गौथली"मा दर्शक बढेपछि हलले बढायो शो



दमक/ शुक्रबारदेखि प्रदर्शनमा आएको चलचित्र 'गौँथली'ले शुक्रबार र शनिबार राम्रो ब्यवसाय गर्न सफल भएको छ । प्रदर्शनको पहिलो दिनदेखि नै सकारात्मक वर्ड अफ माउथ पाएको फिल्ममा दर्शक देखिएपछि हलले सुरूको तुलनामा शो बढाएका हुन् ।

शुक्रबारको तुलनामा शनिबार चलचित्रले धैरै शो पाएको थियो । ती शो समेत भरिएकोले हलले शनिबार साँझबाटै शो बढाएको निर्माता निर्देशक कपिल रिजालले बताए ।

चलचित्रलाई दर्शकले साथ दिएपछि अरूण क्षेत्री, सिम्रन खड्कालगायतका कलाकार दर्शक भेट्न र प्रतिक्रिया बुझ्न हलमा पुगेका छन् । उनीहरु शनिबार बिहानैदेखि उपत्यकाका विभिन्न हल पुगेर दर्शकलाई धन्यवाद भनेका हुन् । दर्शकले कलकारसँग सेल्फी र फोट समेत खिचाएका थिए । दर्शकले गाउँका कथा जस्ताको तस्तै चलचित्र हेर्न पाएको भन्दै निर्देशक तथा कलाकारहरूलाई धन्यवाद दिएका छन् ।

चलचित्रमा अरूण क्षेत्री, सिम्रन खड्का, मदनकृष्ण श्रेष्ठ, प्रकाश घिमिरे, लुनिभा तुलाधर, रवीन्द्र झा, ईश्वरी बराल, सञ्जोग रसाइली, सीतादेवी तिमिल्सिना, लक्ष्मीनाथ तिमिल्सिनालगायत कलाकारको अभिनय छ ।

डा. भोला रिजालको कथामा आधारित चलचित्रको पटकथा तथा संवाद डा. कपिल रिजाल, निश्चल कुँवर, नीरज नेपाल र गिरिराज घिमिरेले संयुक्त रूपमा तयार गरेका हुन् । घर, परिवार, सम्बन्ध र आत्मीयताको भावलाई केन्द्रमा राखिएको फिल्मको वितरण रिच इन्टरटेनमेन्ट, एप्पल इन्टरटेनमेन्ट र एफडी कम्पनीले गरेका छन् ।

### रोचक जानकारी

# पाँच रोचक तथा ज्ञानवर्धक तथ्यहरू

**१. नुनको कुरा**

यदि महासागरबाट सबै नुन निकालेर युरोप महादेशलाई ढाक्ने हो भने त्यस नुनको थुप्रो ५ कि.मि. बाक्लो हुनेछ । अर्थात् नुनको थुप्रो ५ किमी बाक्लो हुने गरी युरोप महादेशलाई ढाक्छ ।

**२. एस्ट्रोनोमी**

अँग्रेजी शब्द एस्ट्रोनोमी प्राचीन ग्रीक शब्दबाट आएको हो । एस्ट्रो भनेको तारा हो र नोमिया भनेको नियम ।

३. बिरालोको आँखा

मान्छेको आँखालेभन्दा बिरालोको आँखाले ५०% ज्यादा प्रकाश सोसेर राख्ने गर्छ । यही कारणले बिरालोले राति पनि देख्न सक्छ ।

**४. कन्कर्ड र आवाज**

आवाजको गति प्रतिसेकेन्ड ३३० मिटर बराबर हुन्छ भने यात्रुबाहक हवाईजहाज कन्कर्ड आवाजभन्दा दुई गुणा छिटो उड्ने गर्छ । सन् २००३ देखि यसको उडन सेवा बन्द गरिएको छ ।

**५. पग्लने या उम्लने**

सबैभन्दा बढी तापक्रममा पग्लने या उम्लने तत्त्व टङ्सटेन हो । यो ६२,००० डिग्री सेन्टिग्रेट तापक्रममा उम्लन्छ । कम तापक्रममा उम्लने हेलियम हो । यो तत्व २६८.९३० डिग्री सेन्टिग्रेडमा पनि उम्लिहाल्छ ।

Log on गर्नुहोस्
purbasandesh.com
EPAPER मा पूर्वसन्देश पत्रिका हेर्नुहोस्

# लागूऔषध नियन्त्रणका लागि दमकमा संस्था गठन,अध्यक्षमा गुरूङ


दमक/ झापाका सामाजिक तथा व्यावसायिक क्षेत्रका अगुवाहरु समाज रूपान्तरणका लागि संगठित भएका छन् । युवाहरूमा बढ्दो लागूऔषध दुर्व्यसनका कारण समग्र समाज नै जोखिममा परेको ठहर गर्दै यसको नियन्त्रण र रोकथामका लागि अभियान चलाउने उद्देश्यले उनीहरु गोलबद्ध भएका हुन् ।

शनिबार दमकमा सम्पन्न सरोकारवालाहरूको भेलाले केर्खाका सामाजिक अगुवा चक्र गुरूङको अध्यक्षतामा ११ सदस्यीय तदर्थ समिति गठन गरेको छ । गठित समितिको उपाध्यक्षमा दुर्गा काफ्ले, सचिवमा पवन विष्ट र कोषाध्यक्षमा रिङकुमार आचार्य चुनिएका छन् । यसैगरि, सदस्यहरूमा सन्तोष थाम्सुहाङ , होमबहादुर बराल, दुर्गाबहादुर खड्का, तनुजा दुलाल,शान्ता दाहाल (उप्रेती), बादचन्द्र कार्की र बिक्की प्रसाद साह चुनिएका छन् ।

सामाजिक अगुवा भीमराज केरूङको अध्यक्षतामा बसेको उक्त बैठकले लागूऔषध नियन्त्रण र रोकथामका लागि विभिन्न सचेतनामूलक कार्यक्रमहरु सञ्चालन गर्ने निर्णय गरेको छ । यसका साथै दुर्व्यसनमा फसेका युवाहरूको पुनःस्थापनाका लागि उपचार सेवासमेत सञ्चालन गर्ने लक्ष्य राखिएको नवगठित संस्थाका अध्यक्ष गुरूङले जानकारी दिए । उनका अनुसार संस्थाले स्थानीय सामाजिक संघसंस्था, स्थानीय तह, प्रदेश सरकार लगायतका सरोकारवालाहरूसंग आपसी समन्वय, सहकार्य गरि कार्यक्रमहरू सञ्चालन गरिने छन् । भेलाले संस्थालाई संस्थागत रूपमा अगाडि बढाउन विधान निर्माणको प्रक्रिया पनि सुरू गरेको छ । जसका लागि हेमनाथ अधिकारीको संयोजकत्वमा ५ सदस्यीय विधान मस्यौदा समिति गठन गरिएको छ । गठित समितिको सदस्यहरूमा कृष्णराज थापा, गिरेन्द्र चम्लागाईं, उमानाथ भण्डारी र गोपाल गुरागाईं रहेका छन् । उत्त संस्थाले छिट्टै नै आफ्ना गतिविधिहरूलाई तीव्र पार्ने जनाएको छ ।




आज मिति
२०८३ साल
साउन ०५ गते
मंगलबार
21 July 2026
तिथि: अष्ठमी



**ज्यो. लक्ष्मी प्र. ढकाल**
ठेगाना: क्याम्पस मोड, सगरमाथा आयल निगम, उत्तर
सम्पर्कका लागि:
९८६७३१०८८२/९८१७००५१६५

| राशि | अक्षर | फल |
|---|---|---|
| मेष | चु चे लो ला लि लँ ले लो अ | विपरीतलीङ्गीबाट सहयोग । विशेष धन लाभ । |
| वृष | इ उ ए ओ वा वि वु वे वो | मावलीबाट सहयोग । अरुदिनको भन्दा आज आयमा वृद्धि । |
| मिथुन | का कि कु घ ङ छ के को हा | सन्तानबाट सहयोग, पढाईमा रुचि । लगानी उठने वा व्यापारबाट धन लाभ । |
| कर्कट | हि हु हे हो डा डि डु डे डो | पारिवारिक सदभाव बढ्ने । आज धन लाभका दिन । |
| सिंह | मा मि मु मे मो टा टि टु टे | भाईबहिनीबाट सहयोग । पराक्रम बढ्ने, आम्दानी बढ्ने । |
| कन्या | टो प पी पँ ष ण ठ पे पो | धन जम्मा गर्ने दिन । उत्तम भोजन । |
| तुला | रा री रु रे रो ता ती तु ते | पश्चिम दिशाको कारोबारमा लाभ । मनमा शान्ति, धर्ममा रुचि । |
| वृश्चिक | तो ना नि नँ ने नो या यि यु | शुभकार्यमा रुचि । सामान्य मनमा अशान्ति । |
| धनु | य यो भा भी भ धा फा ढ भे | वैदेशिक कार्यबाट लाभ । कारोबारबाट धन लाभ । |
| मकर | भो जा जी खि खु खे खो गा गी | माता, पिताबाट सहयोग । कार्यमा सफलता । |
| कुम्भ | गँ गे गो सा सी सँ से सो द | सामान्य लाभ । पूण्यकर्म गर्न मन लाग्ने । |
| मीन | दि दु थ झ ञ दे दो चा ची | मनमा अशान्ति । व्यवसायबाट सामान्य लाभ । |

# कोलकाताबाट विराटनगर आइपुग्यो कार्गो रेल



**दमक/** तेस्रो मुलुकबाट आयात हुने मालसामानको ढुवानीलाई सहज, सुरक्षित र सस्तो बनाउने उद्देश्यले सुरू गरिएको रेल कार्गो सेवा अन्तर्गत पहिलो रेल विराटनगरस्थित नेपाल भन्सार यार्डमा आइपुगेको छ । भारतको कोलकाता बन्दरगाहबाट नेपालका लागि पहिलो पटक सञ्चालन गरिएको रेल कार्गो विराटनगर आइपुगेको छ ।

कोलकाताबाट प्रस्थान गरेको उक्त रेलमा नेपालको स्वस्तिक आयल इन्डस्ट्रिजका लागि तेस्रो मुलुकबाट आयात गरिएको कच्चा पदार्थ बोकेका ४० फिटका ४० वटा कन्टेनर रहेका छन् । मर्सक लाइनका ती कन्टेनरमा सुरक्षित ढुवानीका लागि इलेक्ट्रोनिक कार्गो ट्र्याकिङ सिस्टमसमेत जडान गरिएको छ ।

नेपालका लागि पहिलो पटक कोलकाता बन्दरगाहदेखि विराटनगरसम्म रेलमार्फत कार्गो ढुवानी सेवा सञ्चालनमा आएको हो । नेपाली महावाणिज्यदूतावास, कोलकाता भन्सार, कोलकाता पोर्ट तथा भारतीय कन्टेनर निगम लिमिटेडको समन्वय र सहकार्यमा यो सेवा सञ्चालनमा आएको हो ।

यसअघि तेस्रो मुलुकबाट आयात हुने मालसामानको रेल कार्गो सुविधा नेपालको वीरगञ्ज नाकामा मात्र सीमित थियो । अब विराटनगर नाकासम्म समेत रेल कार्गो सेवा विस्तार भएपछि पूर्वी नेपालका उद्योगी तथा आयातकर्तालाई ठूलो राहत पुग्ने उद्योग संगठन मोरङका अध्यक्ष नन्दु राठीले बताए ।

रेल कार्गो सेवा पूर्ण रूपमा सञ्चालनमा आएपछि एकैपटक ४५ वटासम्म ४० फिटका कार्गो कन्टेनर रेलमार्फत विराटनगर ल्याउन सकिनेछ । सडक मार्गको तुलनामा रेलमार्गबाट हुने ढुवानी सुरक्षित, भरपर्दो र कम लागतमा हुने भएकाले आयातकर्ताको ढुवानी खर्च घट्ने उद्योगी सुयष प्याकुरेल बताउँछन् ।

कोलकाताबाट विराटनगरसम्म रेलमार्फत करिब २४ घण्टामै मालसामान आइपुग्ने भएकाले ढुवानी समयसमेत घट्नेछ । यसबाट बन्दरगाहमा नेपाली आयातकर्ताले व्यहोर्नुपर्ने विलम्ब शुल्क, कन्टेनर डिटेन्सन चार्ज तथा सडक ढुवानीको अतिरिक्त भार कम हुने विश्वास गरिएको छ ।

**पहिलो...**शिवभक्तिमय वातावरणमा भजन-कीर्तन, सामूहिक पूजा तथा आध्यात्मिक कार्यक्रम सञ्चालन गरिएको थियो । साँझ ६ बजे गंगा आरती सम्पन्न गरिएको छ ।

थापाले श्रावण महिनाभर प्रत्येक सोमबार यस्ता धार्मिक कार्यक्रम नियमित रूपमा सञ्चालन गरिने बताइन् । उनका अनुसार यस्ता कार्यक्रमले धार्मिक आस्था अभिवृद्धि गर्नुका साथै समाजमा नैतिकता, सद्भाव र आध्यात्मिक चेतना फैलाउन सहयोग पुग्ने विश्वास लिइएको छ ।

यसै अवसरमा सामाजिक संस्था पहिलो पाइला नेपाल, दमक शाखा ले मन्दिरमा दर्शन गर्न आएका भक्तजनलाई प्रसाद वितरण गरेको छ । संस्थाका अध्यक्षराजु निरौलाको अध्यक्षतामा सम्पन्न कार्यक्रममा सामाजिक व्यक्तित्व गणेश श्रेष्ठ, शेरबहादुर भट्टराई, संस्थाका सल्लाहकार महेश घिमिरे, केन्द्रीय सचिव दिवस खतिवडा, कार्यक्रमका प्रायोजक तथा सल्लाहकारराजीव पूर्वेलगायत पदाधिकारी तथा सदस्यहरूको सहभागितारहेको थियो । संस्थाकी सचिव पूजा दाहालले अघिल्लो वर्षभैँ यस वर्ष पनि श्रावण महिनाभर दमकका विभिन्न शिव मन्दिरमा प्रत्येक सोमबार प्रसाद वितरण कार्यक्रम सञ्चालन गरिने जानकारी दिइन् । धार्मिक पर्वसँगै सामाजिक सेवाको भावना जोड्ने उद्देश्यले कार्यक्रम आयोजना गरिएको उनको भनाइ थियो ।

श्रावण महिनालाई आत्मसंयम, शुद्धतार भक्तिको महिना पनि मानिन्छ । विशेषगरी अविवाहित महिलाले असल वरको कामनार विवाहित महिलाले परिवारको सुख, शान्ति तथा श्रीमान्को दीर्घायुको कामना गर्दै साउने सोमबारको व्रत बस्ने चलन नेपाली समाजमा व्यापक छ । पुरूष भक्तजन पनि परिवारको सुख-समृद्धि, स्वास्थ्यर कल्याणको कामना गर्दै शिवपूजामा सहभागी हुने गरेका छन् ।

कार्यक्रममा सहभागी भक्तजनले यस्ता धार्मिक तथा सामाजिक गतिविधिले नेपाली संस्कृति, परम्परार धार्मिक मूल्य-मान्यताको संरक्षणर प्रवर्द्धनमा महत्वपूर्ण योगदान पुग्ने विश्वास व्यक्त गरेका थिए । उनीहरूले श्रावण महिनाको धार्मिक महत्वलाई पुस्तान्तरण गर्न यस्ता कार्यक्रम आवश्यकरहेको पनि बताएका थिए । सोही अवसरमा पहिलो पाइला नेपालकी सचिव पूजा दाहालको जन्मदिनको अवसरमा शुभकामना आदान-प्रदान गरिएको थियो । कार्यक्रम सफल बनाउन सहयोग गर्ने सम्पूर्ण सहयोगी, स्वयंसेवक तथा उपस्थित भक्तजनप्रति आयोजक संस्थाहरूले आभार व्यक्त गरेका छन् ।

**देशका......** भइरहेको छ । चितवनको इच्छाकामना गाउँपालिका-३ फिस्लिङस्थित पृथ्वी राजमार्ग पहिरोका कारण पूर्ण रूपमा अवरूद्ध भएको नेपाल प्रहरीले जनाएको छ । धादिङको बेनीघाट रोराङ गाउँपालिका-१० तिस्मारखानी क्षेत्रमा पृथ्वी लोकमार्ग एकतर्फी सञ्चालन रहेतापनि जवाङखोलास्थित सडक भने पूर्ण रूपमा बन्द रहेको छ । प्रहरीले वर्षा जारी रहेकाले पहिरो र बाढीको जोखिम कायमै रहेको जनाउँदै प्रहरीले यात्रा अघि सम्बन्धित निकायको पछिल्लो सडक अवस्थाबारे जानकारी लिएर मात्रै यात्रा गर्न सर्वसाधारणलाई आग्रह गरेको छ ।

**घरेलु.....**आएको जनाएको छ । झापामा गत वर्ष दर्ता भएका घरेलु तथा महिला हिंसासम्बन्धी सबै उजुरी फछ्र्यौट भएका छन् । प्रहरीको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रको सक्रियतामा सबै १२३ वटा उजुरी फछ्र्यौट गरिएको प्रवक्ता अवाले बताए ।

**सार्वजनिक...**सातामा दुई दिन बिदा हुँदा वर्षभरिका अन्य चाडपर्व र दिवसका बिदाले सरकारी कार्यालय धेरै दिन बन्द हुने र यसबाट नागरिक सेवा प्रभावित हुने भन्दै कार्यदलको प्रतिवेदनका आधारमा आगामी वर्षको बिदा क्यालेन्डरमा केही साबिकका बिदाहरू कटौतीको तयारी गरिएको बताइएको छ ।

**भाइरल.....**स्थानान्तरण लगायतका समन्वयका कामहरू सम्पन्न भइसकेका छन् ।

हाल प्रयोगमा रहेको करिब ५० वर्ष पुरानो पुलको विकल्पमा यो नयाँ संरचना तयार भएपछि पूर्व-पश्चिम राजमार्गमा आवागमन थप सहज र सुरक्षित हुने विश्वास छ । कोरियाली परामर्शदाता कम्पनी 'सोसुङ' ले डिजाइन गरेको यो पुल आधुनिक 'आर्च स्टिल ट्रस' प्रविधिमा आधारित छ । करिब ८० वर्ष आयु हुने अनुमान गरिएको यो पुलले आगामी ५० वर्षसम्मको सवारी चापलाई सहजै धान्न सक्ने प्राविधिकहरूको दाबी छ । पुल निर्माण कार्य तिव्र गतिमा भइरहेपनि आसपासमा सडक भने सुस्त गतिमा काम भइरहेको छ ।०

**पिण्डेश्वरमा......**लाइन लागेको मन्दिर व्यवस्थापन समितिका कोषाध्यक्ष पंकज घिमिरेले बताए । साउन महिनाभर सञ्चालन हुने बोलबम पूजाको पहिलो दिन बिहान १० बजेसम्म करिब ७ हजार भक्तजनले दर्शन गरिसकेको र दिनभरमा १५ हजारभन्दा बढी श्रद्धालुले जल चढाउने अपेक्षा गरिएको उनले बताए ।

Log on गर्नुहोस्
purbasandesh.com
EPAPER मा पूर्वसन्देश पत्रिका हेर्नुहोस्

## सार्वजनिक बिदा पुनरावलोकन हुने

दमक । सरकारले सार्वजनिक बिदाको संख्या पुनरावलोकन गर्ने तयारी थालेको छ। सचिवस्तरीय बैठकले सातामा दुई दिन (शनिबार र आइतबार) बिदा लागू भइसकेपछि अन्य सार्वजनिक बिदा धेरै भएको निष्कर्ष निकाल्दै अध्ययनका लागि उच्चस्तरीय कार्यदल गठन गरेको हो । गृह मन्त्रालयका सहसचिवको संयोजकत्वमा गठित कार्यदलमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, भूमि व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय तथा अर्थ मन्त्रालयका प्रतिनिधि सदस्यरहेका छन् ।

खेलकुद

# स्पेनले जित्यो फिफा विश्वकप २०२६ को उपाधि

**एजेन्सी /** साविक विजेता अर्जेन्टिनालाई अतिरिक्त समयमा १-० ले पराजित गर्दै स्पेनले फिफा विश्वकप २०२६ को उपाधि जितेको छ । यससँगै स्पेनले १६ वर्षपछि दोस्रो पटक विश्वकपको ट्रफी उचाल्न सफल भएको हो ।

यसअघि उसले सन् २०१० मा पहिलो पटक विश्वकप जितेको थियो । अमेरिकाको न्युजर्सीस्थित स्टेडियममा सम्पन्न फाइनलको निर्धारित ९० मिनेट गोलरहित बराबरीमा सकिएपछि खेल अतिरिक्त समयमा पुगेको थियो ।

खेलको १०६औं मिनेटमा फेरान टोरेसले गरेको निर्णायक गोल नै स्पेनलाई च्याम्पियन बनाउन पर्याप्त बन्यो ।

निर्धारित समयमा अर्जेन्टिनाका एन्जो फर्नान्डेज दोहोरो पहेँलो कार्ड पाएपछि मैदानबाट बाहिरिएका थिए ।

त्यसपछि १० खेलाडीमा सीमित अर्जेन्टिनामाथि स्पेनले दबाब बढाउँदै विजयी गोल निकाल्न सफल भयो । स्पेनले सेमिफाइनलमा फ्रान्सलाई २-० ले तथा अर्जेन्टिनाले इङ्ल्यान्डलाई २-१ ले पराजित गर्दै फाइनल यात्रा तय गरेका थिए ।

ठूलो ट्याङ्कीमा कम्प्रेसर प्रविधियुक्त
झापा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई
दमक :
देवीप्रसाद सिटौला
(९८४२७६०२६५/९८२४९७९१८५)

बिर्तामोडः
राजकुमार श्रेष्ठ
९८०६०१०४१०

सुदर्शन बचत तथा ऋण सहकारी संस्था लि. उर्लाबारी-५, मोरङको

# ऋण नतिर्ने ऋणी सदस्यलाई कर्जा चुक्ता गर्न आउने ३५ दिने सार्वजनिक सूचना

प्रथम पटक प्रकाशित मितिः २०८३।०४।०५ गते पूर्वसन्देश दैनिक

यस सहकारी संस्थाबाट तपशिलमा उल्लेखित ऋणी सदस्यहरुले ब्यापारीक प्रयोजनको लागि ऋण लिदाँको बखतमा तोकिएको भुक्तानि तालिका अनुसार तिर्नु बुझाउनुपर्ने साँवा र ब्याज रकम नतिरि नबुझाई संस्थालाई लेखि लेखाई दिएको ऋण सम्बन्धी शर्त बन्देज उल्लगन गर्नु भएकोले संस्थाले पटक पटक मौखिक, लिखित, फोन सर्म्पक तथा प्रत्यक्ष भेटेर सुचना गरी तरतागेता गर्दा समेत आलटाल गरी शर्त बमोजिम संस्थालाई बुझाउनु पर्ने सँवा र ब्याज नबुझाएको हुँदा यो सुचना प्रकाशित भएको मितिले ३५ दिन भित्र यस संस्थाको कार्यालयमा आई भाखा नाघेको ऋणको साँवा र ब्याज एकमुष्ठ चुत्ता गर्न गराउनुहुन तपाई ऋणी सदस्यहरुमा यो सुचना जारी गरिन्छ । उल्लेखित मिति भित्र ऋणको सम्पूर्ण साँवा र ब्याज चुत्ता गर्न नआएमा सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५ तथा संस्थाको ऋण लगानी तथा असुलि कार्यविधि एवम प्रचलित ऐन कानुन बमोजिम ऋणी सदस्यहरुको धितोमा रहेको चल अचल सम्पती जे जस्तो अवस्थामा छ सोही अवस्थामा लिलाम बिक्री वा अन्य ब्यबस्था गरी संस्थाको लिने रकम असुल उपर गरिने व्यहोरा सम्बन्धित तपशिलका ऋणी सदस्य र जमानत दिने व्यक्तिहरु समेतलाई यसै सुचनाद्धारा अवगत गराउदै कर्जा भुत्तानी गर्नु/गराउनु सुचित गरिएको छ ।असुल उपर कारवाहीको शिलशिलामा उत्त कार्यविधि अनुसार भएका सम्पूर्ण खर्च समेत ऋणी सदस्यबाट नै असुल उपर गरिने ब्यहोरा समेत जानकारी गराइन्छ। यस संस्थाबाट संस्थाको सम्पूर्ण लिने रकम असुल नभएमा ऋणी सदस्यहरुको घर घरानाको चल अचल सम्पतीबाट असुल उपर गरिने व्यहोरा जानकारी गराइन्छ ।

## तपशिल

**ऋणीको तीन पुस्ते विवरण**
१. नाम : वेदप्रसाद शिवाकोटी
ठेगाना : उर्लाबारी-७, मोरङ
बाबुको नाम : भानुभक्त शिवाकोटी
हजुरबुवाः पदलाल शिवाकोटी
नागरिकता नम्बर : २३१११९१६
जारी मिति : २०४६।०२।०३, मोरङ्ग

**जमानीको तीन पुस्ते विवरण**
नाम : मनमाया शिवाकोटी
ठेगाना : उर्लाबारी-७, मोरङ
बुवाको नाम : ओमनाथ प्रसाई
पतिः वेदप्रसाद शिवोकाटी
नागरिकता नम्बर : ०५/६७०
जारी मिति : २०६२।०७।२७, झापा

**धितो दिएको जग्गाको विवरण**

| स्थान | वडा नं. | सिट नं. | किता नं. | क्षेत्रफल व.मि. | जग्गाधनीको नाम |
|---|---|---|---|---|---|
| मधुमल्ला | ५ | ५ट | २४६१ | ५४६.०६ | गंगा देवी शिवाकोटी |

**ऋणीको तीन पुस्ते विवरण**
२. नाम : प्रकाश कार्की
ठेगाना : उर्लाबारी-६, मोरङ
बाबुको नाम : जगत ब. कार्की
हजुरबुवाः धनपति कार्की
नागरिकता नम्बर : १५४३३
जारी मिति : २०५६।०२।१४, मोरङ्ग

**जमानीको तीन पुस्ते विवरण**
नाम : बन्दना केसी
ठेगाना : उर्लाबारी-६, मोरङ
पतिः प्रकाश कार्की
ससुरा बुवाः जगतबहादुर कार्की

**धितो दिएको जग्गाको विवरण**

| स्थान | वडा नं. | सिट नं. | किता नं. | क्षेत्रफल व.मि. | जग्गाधनीको नाम |
|---|---|---|---|---|---|
| मधुमल्ला | ५ | ५ग | १६०५ | ३३८.५८ | खगेन्द्र कार्की |
| मधुमल्ला | ५ | ५ङ | १८५४ | १६९.२९ | खगेन्द्र कार्की |

**ऋणीको तीन पुस्ते विवरण**
३. नाम : अग्नि दाहाल
ठेगाना : मिक्लाजुङ-७, मोरङ
बाबुको नाम : कृष्ण दाहाल
हजुरबुवाः चन्द्रलाल दाहाल
नागरिकता नम्बर : ४२३६३८/७२८
जारी मिति : २०६२।०४।२६, तेह्रथुम

**जमानीको तीन पुस्ते विवरण**
नाम : लक्ष्मी कुमारी पोखरेल
ठेगाना : मिक्लाजुङ-७, मोरङ
बुवाको नाम : गंगाप्रसाद पोखरेल
हजुबुवाः वेदनाथ पोखरेल
नागरिकता नम्बर : ०६-०१-७३-००८७९
जारी मिति : २०७३।०१।२८, सुनसरी

**धितो दिएको जग्गाको विवरण**

| स्थान | वडा नं. | सिट नं. | किता नं. | क्षेत्रफल व.मि. | जग्गाधनीको नाम |
|---|---|---|---|---|---|
| मधुमल्ला | ५ | ५ग | २५८७ | २५३.९८ | अग्नि दाहाल |
| मधुमल्ला | ५ | ५ग | २७४१ | ८४.६६ | खगेन्द्र कार्की |

**ऋणीको तीन पुस्ते विवरण**
४. नाम : बालकृष्ण कार्की
ठेगाना : उर्लाबारी-५, मोरङ
बाबुको नाम : डिकबहादुर कार्की
हजुरबुवाः लीलाधर कार्की
नागरिकता नम्बर : १३४६/३०७०
जारी मिति : २०४३।१०।२४, मोरङ

**जमानीको तीन पुस्ते विवरण**
नाम : गणेश कुमार ढकाल
ठेगाना : उर्लाबारी-१, मोरङ
बुवाको नाम : खडानन्द ढकाल
हजुरबुवाः डिल्लीराम ढकाल
ना.प्र.प.नं. : ०५-०२-७६-०३४३०
जारी मिति : २०७६।०६।०२, मोरङ

**धितो दिएको जग्गाको विवरण**

| स्थान | वडा नं. | सिट नं. | किता नं. | क्षेत्रफल व.मि. | जग्गाधनीको नाम |
|---|---|---|---|---|---|
| मधुमल्ला | ३ | ३च | ७६ | ४७८३.२८ | गणेश कुमार ढकाल |
| मधुमल्ला | ३ | ३च | ५१२ | ७७८.७४ | गणेश कुमार ढकाल |

**ऋणीको तीन पुस्ते विवरण**
५. नाम : अम्बिका थापा
ठेगाना : दमक-७, झापा
बाबुको नाम : लोकमोहन थापा
हजुरबुवाः डम्बर बहादुर थापा
नागरिकता नम्बर : २३१११५७४४
जारी मिति : २०४४।१२।१९, झापा

**जमानीको तीन पुस्ते विवरण**
नाम : अस्मिता थापा
ठेगाना : दमक-७,झापा
बुवाको नाम : नरपति शिवाकोटी
पति : अबिन थापा
नागरिकता नम्बर : १८५५३
जारी मिति : २०६०।०८।१२, झापा

**धितो दिएको जग्गाको विवरण**

| स्थान | वडा नं. | सिट नं. | किता नं. | क्षेत्रफल व.मि. | जग्गाधनीको नाम |
|---|---|---|---|---|---|
| दमक | ६ | ६ | ८३६१ | २२०.०८ | अम्बिका थापा |

**ऋणीको तीन पुस्ते विवरण**
६. नाम : अस्मिता थापा
ठेगाना : दमक-७, झापा
बाबुको नाम : नरपति शिवाकोटी
पति : अबिन थापा
नागरिकता नम्बर : १८५५३
जारी मिति : २०६०।०८।१२, झापा

**जमानीको तीन पुस्ते विवरण**
५. नाम : अम्बिका थापा
ठेगाना : दमक-७, झापा
बाबुको नाम : लोकमोहन थापा
हजुरबुवाः डम्बर बहादुर थापा
नागरिकता नम्बर : २३१११५७४४
जारी मिति : २०४४।१२।१९, झापा

| स्थान | वडा नं. | सिट नं. | किता नं. | क्षेत्रफल व.मि. | जग्गाधनीको नाम |
|---|---|---|---|---|---|
| दमक | १२ | १२ | १५५ | १६९.२९ | नविन थापा |

**ऋणीको तीन पुस्ते विवरण**
७. नाम : सिता गुरुङ
ठेगाना : उर्लाबारी-९, मोरङ
बाबुको नाम : खड्ग ब. गुरुङ
पति : हेमराज गुरुङ
नागरिकता नम्बर : १८१४३/२२८
जारी मिति : २०६१।०८।११, मोरङ

**जमानीको तीन पुस्ते विवरण**
नाम : हेमराज गुरुङ
ठेगाना : उर्लाबारी-९,मोरङ
बुवाको नाम : धनबहादुर गुरुङ
हजुरबुवा : डिल्लीराम गुरुङ
नागरिकता नम्बर : ८२१
जारी मिति : २०५७।१०।०६, मोरङ

**जमानीको तीन पुस्ते विवरण**
नाम : अशोक धिमाल
ठेगाना : उर्लाबारी-७,मोरङ
बुवाको नाम : अमर ब. धिमाल
हजुरबुवा : चौकीलाल धिमाल
नागरिकता नम्बर : १४८७१
जारी मिति : २०६०।०९।०२, मोरङ

**जमानीको तीन पुस्ते विवरण**
नाम : केदार खनाल
ठेगाना : उर्लाबारी-८, मोरङ
बुवाको नाम : पुरुषोत्तम खनाल
हजुरबुवा : उदय नारायण खनाल
नागरिकता नम्बर : ५८२३-३४४
जारी मिति : २०३२।१०।२६, मोरङ

**जमानीको तीन पुस्ते विवरण**
नाम : इन्द्र सुब्बा
ठेगाना : उर्लाबारी-९,मोरङ
बुवाको नाम : प्रेमप्रसाद सुब्बा
हजुरबुवा : मित्रलाल सुब्बा

**जमानीको तीन पुस्ते विवरण**
नाम : अग्नि प्रसाद नेपाल
ठेगाना : उर्लाबारी-९,मोरङ
बुवाको नाम : खड्ग प्रसाद नेपाल
हजुरबुवा : जयमंगल नेपाल

**जमानीको तीन पुस्ते विवरण**
नाम : श्याम प्रसाद नेपाल
ठेगाना : उर्लाबारी-९, मोरङ
बुवाको नाम : खड्ग प्रसाद नेपाल
हजुरबुवा : जयमंगल नेपाल

**जमानीको तीन पुस्ते विवरण**
नाम : नेत्र प्रसाद नेपाल
ठेगाना : दमक-९, झापा
बुवाको नाम : खड्ग प्रसाद नेपाल
हजुरबुवा : जयमंगल नेपाल

**धितो दिएको जग्गाको विवरण**

| स्थान | वडा नं. | सिट नं. | किता नं. | क्षेत्रफल व.मि. | जग्गाधनीको नाम |
|---|---|---|---|---|---|
| राजघाट | ७ | ७च | ३०५ | २३७०.०८ | हर्कमाया गुरुङ |
| राजघाट (बेलबारी) | ८ | ८च | २१९ | ४०६३ | सिता गुरुङ |

**सूदर्शन बचत तथा ऋण सहकारी संस्था लि.**
उर्लाबारी-५, मोरङ (सर्म्पक नं. ०२१-५४३०१४)

प्रधान सम्पादक/प्रकाशक: गञ्जबहादुर दाहाल, कार्यालय: दमक-५, झापा, फोन: ०२३-५७०२७२.
प्रबन्धक: सुवासचन्द्र भट्टराई, मुद्रण: ज्योति अफसेट प्रेस,
कार्यकारी सम्पादक: खगेन्द्र कार्की
E-mail:purbasandesh@yahoo.com
ले-आउट: सुरेन बस्नेत
सल्लाहकार : पंकज दाहाल